विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०३/०७ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | पूर्व निर्णयहरूको कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत नगर कार्यपालिका बैठकको निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | आ.व.२०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को लागि **अनुसूची-१** बमोजिमको नीति तथा कार्यक्रम र **रु.३,४९,९८,८६,०००।०** बराबरको आय, व्यय तथा वित्तीय व्यवस्था सहितको बजेट स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | विषय क्षेत्रगत वार्षिक विकास कार्यक्रम सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को लागि **अनुसूची-२** बमोजिमको विषय क्षेत्रगत वार्षिक विकास कार्यक्रम स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | आर्थिक विधेयक, २०८१ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आर्थिक विधेयक, २०८१ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | विनियोजन विधेयक, २०८१ सम्बन्धमा। | विराटनगर महानगरपालिकाको विनियोजन विधेयक, २०८१ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ६ | खानेपानी, सरसफाइ तथा स्वच्छता विधेयक सम्बन्धमा। | नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र खानेपानी तथा सरसफाइ ऐन, २०७९ ले तोके बमोजिम स्थानीय खानेपानी तथा सरसफाइ सेवा सम्बन्धी नीति, कानून, मापदण्ड तय गरी कार्यान्वयन तथा नियमन गर्ने अधिकार स्थानीय तहको हुने भएकोले खानेपानी, सरसफाइ तथा स्वच्छता विधेयक, २०८१ को मस्यौदा स्वीकृत गरी आगामी नगर सभामा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ७ | विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा। | कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम विराटनगर महानगरपालिका अन्तर्गत स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कामकाजलाई व्यवस्थित गर्ने प्रयोजनार्थ "विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>साथै, उल्लिखित ऐन तथा कार्यविधि बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न ऐनको दफा २७ को उपदफा (४) मा भएको व्यवस्था अनुसार प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा श्री अर्जुन थपलिया (अधिकृत आठौं) र श्री मन्जु लोहनी (महिला विकास अधिकृत आठौं) सदस्य रहनेगरी तह वृद्धि सिफारिस समिति गठन गर्ने एवम् समितिको कामकाजलाई आवश्यक सहजीकरण र समितिको बैठक व्यवस्थापन गर्न श्री होमनाथ पोखरेल (अधिकृत छैटौं) र श्री धिरज राई (खा.प्रा./सहायकस्तर पाँचौं) लाई आमन्त्रित सदस्य तथा प्रशासन सहयोगीको रुपमा खटाउने निर्णय गरियो। |
| ८ | विविध। | (क) विराटनगर महानगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१ सर्वसम्मतिले स्वीकृत गरियो। |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ख) विराटनगर महानगरपालिकाको आ.व. २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रमको पदाधिकारी अन्य सुविधा (पाना नं. ३५, सि.नं. १२) र मसलन्द तथा कार्यालय सामग्री (पाना नं. ३६, सि.नं. २०) शीर्षकमा विनियोजित रकम खर्च गर्न अपुग भएको हुँदा बचत हुने शीर्षक पोशाक (पाना नं. ३५, सि.नं. ४) बाट पदाधिकारी अन्य सुविधा शीर्षकमा रु.१३,००,०००।० (तेह्र लाख मात्र) र मसलन्द तथा कार्यालय सामग्री शीर्षकमा रु.६,००,०००।० (छ लाख मात्र) एवम् भैपरी आउने चालु खर्च (पाना नं. ३७, सि.नं. ३१) शीर्षकबाट मसलन्द तथा कार्यालय सामग्री शीर्षकमा रु.१०,००,०००।० (दश लाख मात्र), साथै अन्य भत्ता (पाना नं. ३५, सि.नं. १०) शीर्षकमा विनियोजित रकम खर्च गर्न अपुग भएकोले रु.१५,००,०००।० (पन्ध्र लाख मात्र) रकम बचत हुने शीर्षक अध्ययन तथा परामर्श चालु (पाना नं. ३७, सि.नं. ४३) बाट विराटनगर महानगरपालिकाको विनियोजन ऐन, २०८० को दफा ३ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम रकमान्तर गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ग) शिक्षा नियमावली, २०५९ एवम् अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २७५ तथा नियमावली, २०७७ बमोजिम संस्थागत विद्यालयले विद्यार्थीहरूलाई उपलब्ध गराउनुपर्ने छात्रवृत्तिलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा मितव्ययी बनाउन, एकरुपता कायम गर्न र समयसापेक्ष छात्रवृत्ति वितरण प्रणालीको विकास गरी लक्षित वर्गका विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्ने अवस्था सुनिश्चित गर्नका लागि **संस्थागत विद्यालय छात्रवृत्ति वितरण कार्यविधि, २०८१** सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(घ) विराटनगर महानगरपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैह्रप्राकृतिक विपद्बाट हुनसक्ने जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि स्थापना भएको विपद् व्यवस्थापन कोषको सञ्चालनका लागि विराटनगर महानगरपालिका, नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ को दफा २७ बमोजिम **विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०८१** सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(ङ) आ.व. २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रमको अटिजम केन्द्र (पाना नं. १२३, क्र.सं. (झ)-१) मा विनियोजित रकम खर्च हुन नसकी बचत हुने भएको र देहाय अनुसारका शीर्षकहरूमा विनियोजित रकम खर्च गर्न अपुग भएकोले नगर सभाबाट अनुमोदन हुनेगरी उल्लिखित शीर्षकबाट रकमान्तर गरी एवम् केही थप कार्यक्रमहरू सञ्चालन गर्न अत्यावश्यक समेत भएकोले नगर सभाबाट अनुमोदन हुनेगरी उल्लिखित शीर्षकबाट बजेट व्यवस्थापन गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|

| क. सं | कार्यक्रम शीर्षक | रकमान्तर तथा संशोधित शीर्षकमा विनियोजन हुने रकम (रु.) | कैफियत |
|---|---|---|---|
| १ | छोरी बचाउ, छोरी पढाउ अभियान | १७,००,०००।० | रकमान्तर |
| २ | विराटनगरवासीलाई निःशुल्क रक्तदान सेवा | ५,००,०००।० | रकमान्तर |
| ३ | पि.एन.सि. होम भिजिट कार्यक्रम | ३,००,०००।० | रकमान्तर |
| ४ | रानी अस्पताल, बैजनाथपुर अस्पताल, आ.स्वा.के.हरू तथा स्वास्थ्य महाशाखाको लागि कार्यालय व्यवस्थापन खर्च | १०,००,०००।० | रकमान्तर तथा संशोधन समेत |
| ५ | रानी अस्पताल र बैजनाथपुर अस्पतालमा बर्थिङ सेन्टरका लागि औषधि, औजार तथा उपकरण खरिद | १२,००,०००।० | संशोधन (नयाँ कार्यक्रम) |
| ६ | बैजानथपुर अस्पतालको भवनको पुनर्संरचना | २०,००,०००।० | संशोधन (नयाँ कार्यक्रम) |
| | जम्मा | ६७,००,०००।० | |

(च) आ.व २०८०/०८१ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार केही शीर्षकहरूमा विनियोजित रकम विविध कारणले खर्च गर्न नसकिने अवस्था भई बचत हुने भएकोले उक्त शीर्षकहरूबाट नगर सभाबाट अनुमोदन हुनेगरी देहाय बमोजिम अन्य शीर्षकहरूमा रकमान्तर/कार्यक्रम संशोधन गरी खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो।

| क.सं. | साविकको कार्यक्रम तथा विनियोजित बजेट | रकमान्तर हुने तथा संशोधित कार्यक्रम र विनियोजन हुने रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा प्रोफाइल किताब छपाइ तथा प्रकाशन : रु.२,००,०००।० (पाना नं. १४८, क्र.सं. ५३०) | कार्यालय व्यवस्थापन : रु.२,००,०००।० (नगर सभाको तेह्रौं अधिवेशनबाट संशोधित शीर्षक) | रकमान्तर |
| २ | गोपाल शेर्पाको घर अगाडि RCC सडक : रु.३,४५,०००।० (पाना नं. १५६, क्र.सं. ६६९) | सुमित्रा श्रेष्ठ घर अगाडि रहेको बाटो RCC : रु.३,४५,०००।० (पाना नं. १५७, क्र.सं. ७०७) | रकमान्तर |
| ३ | याम बहादुर थापाको घर अगाडिको सडक निर्माण (वडा नं.१, नगर सभाको तेह्रौं अधिवेशनबाट संशोधित समेत) : रु.२७,६०,०००।० | एलिना अधिकारीको घर पूर्व जाने बाटो : रु.४,४९,७२३।० (ज.स. बाहेक, ठेक्का प्रक्रियाबाट कार्य गर्नेगरी) | संशोधन |

(छ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत विगतदेखि अविच्छिन्न रुपमा अस्थायी र करारमा कार्यरत रहेका विभिन्न सेवा/समूह तथा पद/तहका कर्मचारीहरू एवम् नगर प्रहरी, सामाजिक परिचालक, प्रमुख/उपप्रमुखको स्वकीय सचिव, प्रेस संयोजक, सूचना प्रविधि अधिकृत लगायतका कार्यरत कर्मचारीहरू एवम् कानूनी सल्लाहकारहरूलाई खाइपाई

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | आएको सेवा-सुविधा उपलब्ध गराउनेगरी २०८२ असार मसान्तसम्म निरन्तरता दिन आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, दैनिक ज्यालादारीमा कामकाजमा खटाउँदै आएका कर्मचारीहरूलाई आवश्यकता अनुसार निरन्तरता दिने निर्णय गरियो।<br><br>(ज) विराटनगर महानगरपालिकाको दीर्घकालीन फोहोरमैला व्यवस्थापनका लागि सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप फोहोरमैला व्यवस्थापन गर्न सार्वजनिक-निजी साझेदारी ऐन, २०७८ बमोजिमको प्रक्रिया अगाडि बढाउने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(झ) विराटनगर महानगरपालिका र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्‌को साझेदारीमा सञ्चालनमा रहेको महानगर बहुप्राविधिक शिक्षालयमा अध्ययनका लागि उपलब्ध हुने छात्रवृत्तिलाई निष्पक्ष, पारदर्शी, विश्वसनीय र वस्तुनिष्ठ तरिकाले व्यवस्थापन गरी लक्षित विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्नका लागि **महानगर बहुप्राविधिक शिक्षालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१** सर्वसम्मतिले स्वीकृत गरियो।<br><br>(ञ) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०२/१८ मा पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलनका लागि ठेक्का आह्वान सम्बन्धी सार्वजनिक सूचना प्रकाशित भएको र ठेक्का कबोल गर्ने ठेकेदारले करसहित एकमुष्ट रकम बुझाएमा बढीमा दश प्रतिशत छुट दिने बोलपत्र फाराममा उल्लेख गरिएको हुँदा उल्लिखित बमोजिम छुट दिन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्योजन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ट) कर्मचारीहरूलाई उपलब्ध गराइँदै आएको खाजा भत्ता, प्रोत्साहन भत्ता तथा अतिरिक्त समय कार्य गरे वापतको भत्ता लगायतलाई आगामी आ.व. २०८१/०८२ मा निरन्तरता दिन आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ठ) महालेखापरीक्षकको कार्यालयले औंल्याएका बेरुजुका सम्बन्धमा अर्थ तथा सार्वजनिक लेखा समितिको निर्णयानुसार गर्न आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ड) आ.व.२०८०/०८१ मा विराटनगर महानगरपालिकाबाट सञ्चालित योजनाहरूको अनुगमन तथा सुपरीवेक्षण समितिबाट मूल्याङ्कन र प्रतिवेदन भई भएको जाँचपास तथा फरफारक कार्यलाई अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले गरियो।<br><br>(ढ) आगामी आ.व.२०८१/०८२ का लागि महानगरपालिकाले सञ्चालन गर्ने विकास निर्माण आयोजनाहरूको जनसहभागिताको हिस्साका सम्बन्धमा सङ्घीय तथा प्रदेश सरकारका सशर्त कार्यक्रममा तोकिएको हकमा सोही बमोजिम जनसहभागिता हुने र अन्य सम्पूर्ण आयोजनाको हकमा निम्न बमोजिम जनसहभागिता कायम गर्नेगरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो। |

विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | |

| क्र.सं. | जनसहभागिताको अंश | कामको प्रकृति/क्षेत्र |
|---|---|---|
| १ | शून्य वा स्वेच्छिक | मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा लगायत धार्मिक स्थल, श्मसान घाट |
| २ | ०-५ प्रतिशत | सामुदायिक र परम्परागत धार्मिक विद्यालय (गुरुकुल, मदरसा) – नगर शिक्षा समितिको निर्णयानुसार हुने। |
| ३ | १० प्रतिशत | वडा कार्यालय भवन, गरिब तथा विपन्न समुदायहरूको आवास निर्माण (जन-श्रमदानको योगदान रहने) |
| ४ | १५ प्रतिशत | पिच, आर.सि.सि., पि.सि.सि., नाला, भवन, इँटा जोड्ने कार्य, सडकमा टायल, ट्रष भवन |
| ५ | २० प्रतिशत | सडक ग्राभेल |
| ६ | ३० प्रतिशत | कच्ची सडक, माटोको कार्य |

(ण) आ.व.२०८२/०८३ का लागि सङ्घीय विशेष अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनौट गर्न आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | जेष्ठ नागरिक अस्पताल निर्माण | ५ |
| २ | अटिजम केन्द्र भवन निर्माण | |

(त) आ.व.२०८२/०८३ का लागि सङ्घीय समपुरक अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनौट गर्न आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।

| क्र.सं. | आयोजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | पुरानो वडा कार्यालयबाट नयाँ वडा कार्यालयसम्म जाने बाटो निर्माण | ४ |
| २ | सामुदायिक भवनदेखि मानव सेवा आश्रम जाने बाटो निर्माण | ५ |
| ३ | पिपल मार्गमा नाला तथा पिच निर्माण | ८ |
| ४ | धुधुवा पैनी किनारमा सडक निर्माण | ११ |
| क्र.सं. | आयोजनाको नाम | वडा नं. |
| ५ | मिलन चोक दक्षिण नाला तथा बाटो निर्माण | १९ |
| ६ | आर्य चोकबाट सुगर मिलको पछाडिको सडक मर्मत | १६ |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश

<table>
<tr><th>क.सं.</th><th>एजेन्डा</th><th>निर्णयको ब्यहोरा</th></tr>
<tr><td></td><td></td><td>
(थ) आ.व.२०८२/०८३ का लागि प्रदेश समपुरक अनुदान कार्यक्रम अन्तर्गत देहायका आयोजनाहरू छनौट गर्न आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो।
<table>
<tr><th>क.सं.</th><th>आयोजनाको नाम</th><th>वडा नं.</th></tr>
<tr><td>१</td><td>खारजी चोकबाट पश्चिम जाने बाटो निर्माण</td><td>४</td></tr>
<tr><td>२</td><td>ओमसुन्दर मार्ग मावन सेवा आश्रमसम्म जाने बाटो</td><td>५</td></tr>
<tr><td>३</td><td>हाटखोला खेल मैदानमा प्यारापिट निर्माण</td><td>८</td></tr>
<tr><td>४</td><td>बालगोपाल मार्ग कालोपत्रे</td><td>८</td></tr>
<tr><td>५</td><td>लेखनाथ मार्ग सडक निर्माण</td><td>१२</td></tr>
<tr><td>६</td><td>वडा नं. १४ र १८ को सिमाना हुँदै जहदा जाने बाटोमा नाला तथा बाटो निर्माण</td><td>१४/१८</td></tr>
</table>
(द) आ.व.२०८०/०८१ मा विभिन्न मितिमा बसेका नगर कार्यपालिका बैठकका निर्णय, योजना/कार्यक्रम संशोधन, रकमान्तर, स्रोतान्तर तथा कर छुट एवम् प्रमुख तथा कार्यालयबाट भएका निर्णयहरू अनुमोदनका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>
(ध) विषय क्षेत्रगत विभिन्न विषयहरू छलफल तथा आवश्यक नीतिगत निर्णयका लागि आगामी नगर सभामा पेश गर्ने सर्वसम्मतिले निर्णय गरियो।
</td></tr>
</table>

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश